मितिः२०८२/१०/१५ बैठक संख्याः९

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. आ.व.२०८३/८४ को लागि संघीय समपुरक तथा विशेष योजना सम्बन्धमा।
३. आ.व.२०८३/८४ को लागि तराई मधेश समृद्धि कार्यक्रम योजना माग सम्बन्धमा।
४. सशर्त अनुदानको विद्यालय पूर्वाधार योजनामा विद्यालय छनोट सम्बन्धमा।
५. विद्यालय व्यवस्थापन समिति सम्बन्धमा।
६. शहिद दिवस-२०८२ सम्बन्धमा।
७. स्थानीय शान्ति तथा सामाजिक सद्भाव समिति गठन सम्बन्धमा।
८. बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्तावना सम्बन्धमा।
९. सडकपेटी मानवमुक्त पालिका घोषणा सम्बन्धमा।
१०. योजना सम्बन्धमा।
११. लुम्बिनी प्यालेस रिसोर्टको मर्मत कार्यमा आएको बिरोध सम्बन्धमा।
१२. बुद्धबिहारमा बोटिङको लागि पेश भएको निवेदन सम्बन्धमा।
१३. धमसर घाट क्षेत्रको बिक्रि आदेश म्याद थप सम्बन्धमा।
१४. विभिन्न आय ठेक्कामा घाटगद्दी तथा विक्री आदेशमा मेशिन प्रयोग सम्बन्धमा।
१५. श्री बाल कल्याण आ.वि. को भोग चलन प्रमाणित सम्बन्धमा।

मितिः२०८२/१०/१५ बैठक संख्याः९

निर्णयहरुः

| क्र.स. | निर्णयको संक्षिप्त बेहोरा |
|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको अवस्था बारे जानकारी प्राप्त हुँदा कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयन गर्ने। |
| २ | सियारी गाउँपालिकामा आ.व.२०८३/०८४ को लागि तपसिल बमोजिमका सङ्घीय विशेष योजना र समपुरक योजनाहरु संचालनको लागि गाउँपालिकाको तर्फबाट ६० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता सहित योजना माग गर्ने। |

**सङ्घीय समपुरकतर्फः**

| क्र.स. | योजनाको नाम | ठेगाना | अनुमानित लागत अनुमान |
|---|---|---|---|
| १ | तिलोत्तमा सियारी मायादेवी रिङ्गरोड (अधुरो गत आ.व.को) | सियारी | |
| २ | बनघुसरी चौकी हुँदै छपिया जाने अधुरो मूल सडक कालोपत्र निर्माण | सियारी ४ र ५ | ५००००००/ |
| ३ | पब्लिक मा.वि. देखि बिरेन्द्र मा.वि. सम्म जोड्ने अधुरो मुल सडक स्तरोन्नती तथा कालोपत्रे | सियारी ४ र ५ | ३००००००/ |
| ४ | सियारी वडा नं १ को रखौना दुर्गा पञ्चायन मन्दिर देखि ति.न.पा. १४ जोड्ने अधुरो मूल सडक कालोपत्रे | सियारी १ | ३००००००/ |

**सङ्घीय विशेष योजना तर्फः**

| क्र.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | अमुवा पार्क निर्माण (बहुवर्षीय) निरन्तरता | सियारी ७ | १२५०००००/ |
| २ | जंगहत्था बैदौली कृषि सडक कालोपत्रे निर्माण | सियारी ३ | ३००००००/ |

| | |
|---|---|
| ३ | सियारी गाउँपालिकामा आ.व.२०८३/८४ को लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत गाउँपालिकाको आन्तरिक स्रोतबाट ३०% लागत सहभागिता हुने गरी तपसिल बमोजिमका योजनाहरु माग गर्ने।<br>तपसिलः<br>क. छपिया, धमसर, परसौनी कृषि सिचाईँको लागि पक्की कुलो निर्माण<br>ख. वडा नं ३ र ५ जोड्ने जंगहत्था बैदौली सडक कालोपत्रे निर्माण<br>ग. ७ वटै वडामा संचालन तथा निर्माण हुने गरी विपन्न परिवारलाई ५० वटा आवास निर्माण |
| ४ | सियारी ५ मा रहेको विरेन्द्र मा.वि. को भवन २०७२ सालको भुकम्प तथा त्यसपछीको पराकम्पनको कारण तथा भवनको पूर्वधार कमजोर भएकोले भवन प्रयोग गर्न नै नमिल्ले Structure Analysis Report बाट समेत भवन भत्काउनु पर्ने प्राविधिक प्रतिवेदन प्राप्त भएको हुँदा शिक्षा तथा मावन स्रोत विकास केन्द्रको च.नं. १८४ मिति २०८२।०८।२२ गतेको विद्यालय भौतिक पूर्वधार निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धी पत्रानुसार विद्यालय भौतिक पूर्वधार गुरुयोजना २०८२ को अनुसूची १ मा विद्यालयको भौतिक पूर्वधार निर्माणमा हुनु पर्नेमा अन्यथा भएकोले सङ्घीय सरकारको सशर्त अनुदानको विद्यालय पूर्वाधार योजनामा स्थानीय साझेदारीमा भौतिक पूर्वाधार निर्माणको लागि विद्यालयको भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० बमोजिम भवन निर्माणको लागि सम्बन्धित निकायमा अनुमती माग गरि भवन निर्माणको लागि विद्यालयलाई छनौट गरी कार्यक्रम अगाडि बढाउने। |
| ५ | सियारी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गठन भएका विद्यालय व्यवस्थापन समितिको समयावधी समाप्त भएका तपसिलमा उल्लिखित विद्यालयहरुको प्रतिनिधि सभा सदस्य निर्वाचन आचार संहिता २०८२ को कारण नयाँ वि.व्य. समिति गठन नहुँदासम्म पुरानो समितिलाई नै निरन्तरता दिने र सो को जानकारी शिक्षा शाखा मार्फत सम्बन्धित विद्यालयहरुमा पत्राचारको व्यवस्था मिलाउने।<br>तपसिलः<br>क. आकाशरवी आ.वि.<br>ख. जनता मा.वि.<br>ग. रामजानकी आ.वि.<br>घ. सरस्वती आ.वि.<br>ङ. सिद्धार्थ मा.वि.<br>च. त्रिवेणी आ.वि. |

| | |
|---|---|
| | छ. जनज्योती आ.वि.<br>ज. सिद्ध आ.वि.<br>झ. गणसारी मा.वि. |
| ६ | शहिद दिवस-२०८२ को अवसरमा सियारी गाउँपालिकाका अवकाश प्राप्त शिक्षकहरु, SEE मा उत्कृष्ट नतिजा ल्याउने शिक्षक तथा 4 GPA ल्याउने विद्यार्थीहरु सम्मान, शताब्दी पुरुष सम्मान कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्ने। |
| ७ | जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको च.नं.५२६२८, मितिः२०८२/०९/२५ गतेको प्राप्त पत्रानुसार तपसिल बमोजिमको स्थानीय शान्ति तथा सामाजिक सद्भाव समिति गठन गर्ने।<br><br>तपसिलः<br><br>कार्यालय प्रमुख - ईलाका प्रहरी कार्यालय, बनघुसरी, छपिया, रुपन्देही<br><br>अध्यक्ष/प्रतिनिधि – स्थानीय राजनीतिक दल<br><br>गाउँपालिका अध्यक्षले तोकेको प्रतिनिधि |
| ८ | सियारी गाउँपालिकालाई बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रमको लागि नियमानुसार प्रस्तावना तयार गरी स्वीकृतिको लागि पेश गर्ने। |
| ९ | सियारी गाउँपालिकालाई सडकपेटी मानवमुक्त पालिका घोषणा गर्नको लागि नियमानुसार सम्बन्धित निकायमा प्रतिवद्धता पेश गर्ने। |
| १० | लुम्बिनी प्रदेश सरकारबाट सियारी-७ मा रहेको आकाशरबी आ.वि. मा भवन निर्माणको लागि विनियोजन भएको बजेट भवन निर्माणको लागि उक्त विद्यालयको जग्गा नभएकोले सियारी-७ मा रहेको समयमायी मा.वि. मा भवन निर्माण गर्नको लागि प्रदेश सरकारमा अनुरोध गर्ने। साथै, सियारी-७ अमुवामा आधुनीक शवदाह गृह निर्माणको लागि प्रदेश सरकार र गाउँपालिकाले बजेट विनियोजन गरेकोमा प्रदेश सरकार र गाउँपालिकाको संयुक्त बजेटबाट साझेदारीमा गाउँपालिकाले योजना संचालनको लागि प्रदेश सरकारमा अनुरोध गर्ने। |
| ११ | सियारी-५ मा रहेको लुम्बिनी प्यालेस रिसोर्टले रिसोर्ट मर्मत गर्दा मालसामान ढुवानी गर्दा बाटो बिग्रिएको र सम्झौता अनुसारको मर्मत सम्भार कार्य समेत नगरेको भन्ने जनगुनासो तथा बिरोध आएकोले मालसामान ढुवानी कार्यमा शाखा बाटोमा हाइवा प्रयोग नगर्न/नगराउन र कार्य तत्काल |

| | |
|---|---|
| | बन्द गर्न निर्देशन दिई पत्राचार गर्ने । |
| १२ | सियारी-३, बुद्ध बिहार तथा सियारी खोलामा बोटिङ सञ्चालनको लागि उक्त स्थान लिजमा लिई संचालन अनुमति माग भएकोमा संभाव्यता अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने । |
| १३ | सियारी-४ दानव नदीको धमसर घाट किनारमा आय ठेक्का नं.SRM-06/2081/82 मा नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापनको लागि बाबुल निर्माण सेवाले घाटगद्दी खाली गर्ने कार्यमा विभिन्न बाधा व्यवधानहरुले गर्दा समयमै घाटगद्दी खाली गर्न नसकेकोले म्याद थपको लागि निवेदन पेश गरेकोमा नियमानुसार जरिवाना दस्तुर समेत बुझाएकोले घाटगद्दी खाली गर्नको लागि मितिः२०८२/१०/१६ गतेदेखि मितिः२०८२/१०/२३ गतेसम्मको लागि म्याद थप गर्ने । |
| १४ | गाउँपालिकाको आ.व. ०८२।०८३ को आय ठेक्काको लागि तिनाउ र दानव नदीका विभिन्न घाट तथा नाकाबाट नदिजन्य पदार्थको उत्खनन्, घाटगद्दी एवं बिक्री कार्यको मिति २०८२।०९।०६ मा प्रकाशित सूचना बमोजिम गाउँपालिकाको स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित घाटहरुमा उत्खनन गर्ने परिमाण बमोजिम रहेको नदिजन्य पदार्थको चोरी निकासी हुनबाट रोकी राजस्व चुहावट नियन्त्रण गर्न मूल्याङ्कनबाट छनौट भएका फर्महरुसँग तत्काल सम्झौता गरी जिल्ला समन्वय समितिको कार्यालयको प्राविधिक कर्मचारी समेतको उपस्थितिमा पूर्वाधार शाखाबाट उत्खनन् गर्ने क्षेत्रमा रेखाङ्कन गरी बढीमा १७ दिन सम्मको उत्खनन र घाटगद्दीको समय उपलब्ध गराउने साथै IEE प्रतिवेदन तथा स्थलगत प्राविधिक अध्ययन गरी आवश्यक संख्यामा उत्खनन तथा खाटगद्दी गर्ने प्रयोजनको लागि हेभी इक्यूपमेन्ट प्रयोग गर्न अनुमती दिई कार्यालयले कार्यादेश उपलब्ध गराउने, सो को नियमित अनुगमन पूर्वाधार शाखाका तोकिएका कर्मचारीबाट गर्ने । |
| १५ | सियारी-४, शिवपुर, रुपन्देहीमा रहेको श्री बाल कल्याण आधारभुत विद्यालयले भोगचलन प्रमाणित गरिपाउँ भनि पेश गरेको निवेदन साथ संलग्न कागजातहरु अध्ययन गर्दा साविक दयानगर ७/घ नक्साको कित्ता नं.५२ क्षेत्रफल २-४-० को जग्गामा वि.स.२०४४ सालमा स्थापना भई वि.स.२०४६ बैशाख ८ गते स्वीकृती प्राप्त गरी संचालनमा रहेको विद्यालयको भोगचलनमा रहे/नरहेको सम्बन्धमा ४ नं वडा कार्यालयबाट मितिः२०७८/०७/२६ मा स्थलगत सरजमिन बुझी मितिः२०७८/०७/२८ मा उक्त जग्गा विद्यालयको भोगचलनमा रहेको बेहोरा प्रमाणित गरेको हुँदा संलग्न कागजातहरुको आधारमा साविक दयानगर ७/घ नक्साको कित्ता नं.५२ क्षेत्रफल २-४-० को जग्गा मध्ये ०-६-० क्षेत्रफल श्री बाल कल्याण आधारभुत विद्यालयको भोगचलनमा रहेको देखिएकोले माग अनुसारको बेहोरा प्रमाणित गर्ने । |